बैठक संख्या — ६१

आज मिति २०८३ साल कार्तिक १७ गते मंगलबार यस मिक्लाजुङ गाउँपालिका, मोरङका अध्यक्ष श्री बबि कुमार राईज्यूको अध्यक्षतामा मिक्लाजुङ गाउँ कार्यपालिकाको सभाकक्षमा बैठक बसी तपसिलका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिमका निर्णय गरियो ।

उपस्थिती

क्र.सं	पद	पदाधिकारीको नामथर	हस्ताक्षर
१.	गाउँपालिका अध्यक्ष	श्री बबि कुमार राई	
२.	गाउँपालिका उपाध्यक्ष	श्री दिनेश पौडेल	
३.	वडा अध्यक्ष वडा नं १	श्री पर्वत राई	
४.	वडा अध्यक्ष वडा नं २	श्री बल बहादुर श्रेष्ठ	
५.	वडा अध्यक्ष वडा नं ३	श्री सन्तोष कुमार मगर	
६.	वडा अध्यक्ष वडा नं ४	श्री बिसाल राई	
७.	वडा अध्यक्ष वडा नं ५	श्री मेघनाथ तामाङ	
८.	वडा अध्यक्ष वडा नं ६	श्री खडी बहादुर मगर	
९.	वडा अध्यक्ष वडा नं ७	श्री सुशिल राज चौहान	
१०.	वडा अध्यक्ष वडा नं ८	श्री पूर्ण बहादुर कुवर	
११.	वडा अध्यक्ष वडा नं ९	श्री सेमन्त राज दाहाल	
१२.	कार्यपालिका सदस्य	श्री मखे कुमारी लिम्बु	
१३.	कार्यपालिका सदस्य	श्री मेनुका श्रेष्ठ	
१४.	कार्यपालिका सदस्य	श्री उषा राई	
१५.	कार्यपालिका सदस्य	श्री मातृका देवी दर्जी	
१६.	कार्यपालिका सदस्य	श्री इन्दिरा दर्जी	
१७.	कार्यपालिका सदस्य	श्री मान बहादुर राई	
१८.	प्रमुख प्रशासकीय अधिकृत (सचिव)	श्री तेजिन्द्र गौतम	
अन्य उपस्थिती	का.वि. वडा अध्यक्ष (२नं) श्री दैव कुमार लिम्बुवाल		
१.	अधिकृत आठौं	श्री दिपक रोका क्षेत्री	
२.	लेखा अधिकृत सातौं	श्री शालीग्राम दाहाल	
३.	सु.प्र.अ.	श्री हिमाल घिमिरे	
४.	अधिकृत छैटौं	श्री रमेश पोखेल	
५.	इन्जिनियर	श्री रिपभ अधिकारी	
६.			
७.			

प्रस्ताव तथा निर्णयहरुः

क्र.सं	प्रस्तावहरु	निर्णयहरु
१.	पूर्व बैठक समिक्षा सम्बन्धमा,	६० औं कार्यपालिका बैठकका निर्णयहरुको बारेमा समिक्षा गरियो । बैठकमा भएका निर्णयको कार्यान्वयन सन्तोषजनक देखिएको र आगामी दिनमा यसलाई थप प्रभावकारी बनाउदै लैजाने निर्णय सर्वसम्मतबाट पारित गरियो ।
२.	IEE प्रतिवेदन सम्बन्धमा ।	१. यस गाउँपालिका अन्तर्गत वडा नं २ र ६ भएर बग्ने ठूलो वक्राहा (मलामी टहरा उत्तर नाका), खोलाको आ.व. २०८३।०८४ मा ढुंगा, गिट्टी तथा वालुवा संकलन तथा उत्खननको लागि ग्रेट हिमालयन रिसर्च एण्ड कन्सल्ट प्रा.लि. काठमाडौं-१०बाट सरोकारवालाहरुसंग छलफल गरी पेश भएको वार्षिक उत्खनन् सिफारिस वमोजिम ठूलो वक्राहा, मलामी टहरा उत्तर नाकाबाट परिमाण ७९,२०० घ.मि. उल्लिखित प्रारम्भिक वातावरणीय प्रतिवेदन सर्वसम्मतले स्वीकृत गरियो । २. यस गाउँपालिका वडा नं ६ भएर बग्ने ठूलो वक्राहा खोलाको आ.व. २०८३।०८४ मा ढुंगा, गिट्टी तथा वालुवा संकलन तथा उत्खनन् को लागि ग्रेट हिमालयन रिसर्च एण्ड कन्सल्ट प्रा.लि. काठमाडौं-१०बाट सरोकारवालाहरुसंग छलफलपछि पेश भएको खामेझोडा नाका क्षेत्रको वार्षिक उत्खनन् सिफारिस गरिएको परिमाण ७९,६९५ घ.मि. उल्लिखित प्रारम्भिक वातावरणीय प्रतिवेदन सर्वसम्मतले स्वीकृत गरियो । ३. यस गाउँपालिका वडा नं ६ र ७ को सिमानामा पर्ने ठूलो वक्राहा खोलाको आ.व. २०८३।०८४ मा ढुंगा, गिट्टी तथा वालुवा संकलन तथा उत्खनन् को लागि ग्रेट हिमालयन रिसर्च एण्ड कन्सल्ट प्रा.लि. काठमाडौं-१०बाट सरोकारवालाहरुसंग छलफल पछि पेश भएको शान्तीटोल नाका (मलामी टहरा दक्षिण नाका) माथि बगर क्षेत्रको वार्षिक उत्खनन् सिफारिस गरिएको परिमाण ७६,५६० घ.मि. उल्लिखित प्रारम्भिक वातावरणीय प्रतिवेदन सर्वसम्मतले स्वीकृत गरियो । ४. यस गाउँपालिका वडा नं ३,४ र ६ भएर बग्ने मिक्लु खोला, वडा नं ३ र ६ भएर बग्ने मगर खोला, वडा नं ४ भएर बग्ने आँपि र मुगु र वडा नं ५ भएर बग्ने तेली र सफेवा खोलाको आ.व. २०८३।०८४ मा ढुंगा, गिट्टी संकलन तथा उत्खननको लागि ग्रेट हिमालयन रिसर्च एण्ड कन्सल्ट प्रा.लि. काठमाडौं-१०बाट सरोकारवालाहरुसंग छलफल पछि पेश भएको वार्षिक उत्खनन् सिफारिस गरिएको परिमाण २६,९०० घ.मि. उल्लिखित प्रारम्भिक वातावरणीय प्रतिवेदन स्वीकृत गरियो ।

क्र.सं	प्रस्तावहरु	निर्णयहरु
		५. यस गाउँपालिका वडा नं ५ भएर बग्ने सोल्टी खोलाहरुको आ.व. २०८३।०८४ मा ढुंगा, गिट्टी तथा वालुवा संकलन तथा उत्खनन् को लागि ग्रेट हिमालयन रिसर्च एण्ड कन्सल्ट प्रा.लि. काठमाडौं-१०बाट सरोकारवालाहरुसंग छलफल पछि पेश भएको वार्षिक उत्खनन् सिफारिस गरिएको परिमाण ० घ.मि. उल्लिखित प्रारम्भिक वातावरणीय प्रतिवेदन सर्वसम्मतले स्वीकृत गरियो ।
३.	ठेक्का वन्दोबस्त सम्वन्धमा।	यस गाउँपालिकाको आ.व. २०८३।०८४ को नदीजन्य पदार्थ ठेक्का वन्दोवस्त गर्ने सम्वन्धमा तपसिल वमोजिम प्रकृया अगाडी बढाउने निर्णय सर्वसम्मतले पारित गरियो। तपसिलः १. राष्ट्रिय गौरबका आयोजनाहरुलाई मलामी टहरा उत्तर नाकावाट वार्षिक उत्खनन् योग्य परिमाण ७९,२०० घ.मि छुट्याउने आवश्यक प्रकृया पुर्याइ प्रदान गर्ने। २. IEE प्रतिवेदन अनुसार आयोजनालाई प्रदान गरी वाकी रहेको तपसिल वमोजिमको परिमाणको ठेक्का प्रकृया अगाडी बढाउने। क. ठूलो वक्राहा खोलाको खामेझोडा नाका क्षेत्रको ७९,६९५ घ.मि. ख. वडा नं ३,४ र ६ भएर बग्ने मिक्लु खोला, वडा नं ३ र ६ भएर बग्ने मगर खोला, वडा नं ४ भएर बग्ने आँपि र मुगु र वडा नं ५ भएर बग्ने तेली र सफेवा खोलाको २६,९०० घ.मि. ग. ठूलो वक्राहा खोला मलामी टहरा दक्षिण नाकाको ७६,५६० घ.मि.
४.	विपद व्यवस्थापन सम्वन्धमा ।	विपद जोखिम न्यूनिकरणका लागि मिक्लु पुल उत्तर क्षेत्रवाट ढुङ्गा गिट्टी वालुवा भरौट/बलौटे माटो आदी व्यवस्थापन गर्न जिल्ला प्रशासन कार्यालय, मोरङको च.नं ३६४६ मिति २०८३।०६।२० को पत्र साथमा प्राप्त भएको मिति २०८३।०६।२८ को जिल्ला विपद व्यवस्थापन समितिको निर्णयानुसार २२,०९२ घ.मि. नदीजन्य पदार्थ ढुंगा, गिट्टी, वालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा १२ मा भएको व्यवस्था वमोजिम ठूला रुपान्तरणकारी, राष्ट्रिय गौरवका तथा प्राथमिकता प्राप्त आयोजनाको लागि आवश्यक प्रकृया पुर्याइ प्रदान गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।
५.	Variation Order (VO) सम्वन्धमा ।	यस गाउँपालिकाको आ.व.२०८२।०८३ बहुवर्षिय स्वीकृत भइ संचालित योजना Construction of Ramri Khola Box Culvert Miklajung 08 (ठेक्का नं 5/MRMM/WORKS/NCB/082/083) को ठेक्काको कार्य चुवाडेली निर्माण तथा सप्लायर्स प्रा.लि. मिक्लाजुङ-६ मोरङले संझौता भई कार्य भइरहेकोमा भेरिएसन गर्नुपर्ने भई कार्यालयको मिति २०८३।०७।१२ को निर्णयानुसार भएको तपसिल वमोजिमको भेरिएसन आदेश सर्वसम्मतले स्वीकृत गरियो । १. सम्झौता रकम रु.३६,२०,५०३।३८ (भ्याट र पि एस सहित)

<table>
<tr><th>क्र.सं</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td></td><td></td><td>२. भेरिएसन आदेश पश्चात कायम भएको रकम रु.३९,२८,४८०।८६ (भ्याट र पि एस सहित)
३. भेरिएसन भएको रकम रु.३,०७,९७७।४३
४. भेरिएसन प्रतिशत (सुरु सम्झौताको अनुपातमा) ८.५१ प्रतिशत</td></tr>
<tr><td>६.</td><td>रकमान्तर सम्वन्धमा</td><td>१. यस गाउँपालिकाको आ.व.२०८३।०८४ मा स्वीकृत वडा नं ६ को वडागत सिलिङ वजेटको तपसिलको योजना सम्वन्धमा मिति २०८३।०७।१७ को वडा समितिको निर्णय र सिफारिसको आधारमा र गाउँपालिकाका तपसिल बमोवजिमका आयोजनाहरुको वजेट अपुग भएको हुँदा तपसिल बमोजिम रकमान्तर गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।
<table>
<tr><th>सि.न.</th><th>स्वीकृत कार्यक्रमको नाम</th><th>रकमान्तर भएको रकम</th><th>रकमान्तर भएको कार्यक्रमको नाम</th></tr>
<tr><td>१</td><td>मिक्लाजुङ गा.पा. वडा नं ६ को डकुमेन्ट्री निर्माण</td><td>८००००।-</td><td>वडा कार्यालयमा कम्प्युटर खरिद</td></tr>
<tr><td>२</td><td>भैपरी आउने पुँजिगत खर्च</td><td>१६,००,०००।-</td><td>मिक्लुखोला पुल निर्माण</td></tr>
<tr><td>३.</td><td>भैपरी आउने पुँजिगत खर्च</td><td>४,००,०००।-</td><td>Construction of Ramri Khola Box Culvert Miklajung 08</td></tr>
</table></td></tr>
<tr><td>७.</td><td>वजेट व्यवस्थापन सम्वन्धमा</td><td>यस गाउँपालिको आ.व.२०८२।०८३ को स्वीकृत योजना देशु राईंको घरदेखी टाँडी सडक सम्म टाइल, मिक्लाजुङ ७ चालु आ.व.मा अ.ल्या. गर्नुपर्नेमा छुटेको हुँदा उक्त योजनाको लागि आगामी गाउँसभाबाट अनुमोदन हुने गरी भैपरी आउने पुजीगत शीर्षकबाट रु.७,००,०००।— विनियोजन गरी कार्य अगाडि बढाउने निर्णय सर्वसम्मतले पारित गरियो ।</td></tr>
<tr><td>८.</td><td>खर्च अनुमोदन सम्वन्धमा</td><td>यस गाउँपालिका वडा नं ९ घर भएका श्री निजन गिरीले हालै काठमाडौंमा सम्पन्न पूरुष बडिबिल्डिङ प्रतियोगीताको ७५ के.जी. तौल समूहमा दोस्रो स्थान हाँसिल गरी मिक्लाजुङ गाउँपालिकाको नाम उचाईमा पुर्याउन मद्धत गरेको हुँदा खेलाडीलाई सम्मान स्वरुप कार्यालयको तर्फबाट नगद रु.५० हजार प्रदान गरिएको हुँदा उक्त कार्यको लागि भएको खर्च सर्वसम्मतले अनुमोदन गरियो ।</td></tr>
<tr><td>९.</td><td>विविध सम्वन्धमा</td><td></td></tr>
<tr><td>क.</td><td>स्रोत सुनिश्चितता सम्वन्धमा</td><td>संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाबाट आ.व.२०८३।०८४ मा लावा खोला खानेपानी आयोजना शीर्षकमा वजेट विनियोजन भएको, उक्त वजेटबाट खानेपानी उपभोक्ता समितिबाट कार्य गराउने र उपभोक्ता समितिबाट व्यहोर्नुपर्ने १० प्रतिशत मध्ये १ प्रतिशत रकम उपभोक्ता समितिले जम्मा गर्न नसकेमा गाउँपालिकाको स्रोतबाट व्यहोर्ने गरी स्रोत सुनिश्चित गर्ने निर्णय सर्वसम्मतले पारित गरियो । साथै सो खानेपानी आयोजनाको लागि आवश्यक जग्गा समेत सुनिश्चित रहेको हुँदा सोही बमोजिम सिफारिस गर्ने सर्वसम्मतले निर्णय गरियो ।</td></tr>
</table>

क.सं	प्रस्तावहरु	निर्णयहरु
ख.	सडक बोर्डबाट प्राप्त अनुदान व्यवस्थापन सम्बन्धमा	आ.व. २०८३।०८४ मा यस गाउँपालिकाको लागि सडक बोर्डबाट प्राप्त रु.१५ लाख अनुदानबाट गाउँपालिका भवन पूर्वको बाटो ओभरलेइङ गर्ने योजना छनौट गरीयो र सो कार्यको लागि स्वीकृत लागत अनुमान बमोजिमको अपुग रकम पुनः सडक बोर्डसंग माग गरी कार्य अगाडी बढाउने निर्णय सर्वसम्मतले पारित गरियो ।
ग.	जिल्ला कारागार कार्यालय मोरङलाई आवश्यक सामग्री प्रदान गर्ने सम्बन्धमा ।	जिल्ला कारागार कार्यालय मोरङको च.नं १०४५ मिति २०८३।०६।०७ को पत्रानुसार कारागार कार्यालय मोरङको सुधार गृहमा रहेका कैदी बन्दीहरुलाई व्यायम गर्ने सामग्रीहरुको माग भई आएको हुँदा खेलकुद शीर्षकबाट अधिकतम् एक लाख सम्मका सामग्रीहरु गाउँपालिकाको तर्फबाट प्रदान गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।
घ.	गाउँपालिकाको प्रशासनिक भवन रंग रोगन सम्बन्धमा	यस गाउँपालिकाको प्रशासनिक भवनको रंग रोगन ठेकेदारको तर्फबाट हस्तान्तरण भई डि एल पी पिरियड भित्रै रंग रोगन विग्रीएको हुँदा उक्त कार्यको लागि राखिएको धरौटी रकमबाट कट्टा हुने गरी रंग रोगनको कार्य अगाडि बढाउने निर्णय गरियो ।